Regd. No. 1300/067/068
PAN: 600232009

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment And Development Company Ltd.
(नेपाल सरकारको स्वामित्व रहेको वित्तीय संस्था)

प.सं. ०८०/८१
च.नं. (Ref. No.): २३८

मितिः २०८०/०९/२९

श्री नेपाल स्टक एकस्चेञ्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ।

**विषयः बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही बारे जानकारी सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८०/०९/२९ गते आइतबार बानेश्वर ब्याङ्केट, थापागाउँ, नयाँ वानेश्वर, काठमाण्डौमा सञ्चालक समितिका अध्यक्ष एवम् नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयका सचिव श्री गोपाल प्रसाद सिग्देलको अध्यक्षतामा सम्पन्न भयो। साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको कम्पनीको बार्षिक प्रतिवेदन सहित देहायका प्रस्तावहरु पारित भयो:

**(क) साधारण प्रस्ताव**

१) सञ्चालक समितिका अध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गरियो।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गरियो।

३) महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चार्टर्ड एकाउन्टेन्ट श्री ठाकुर प्रसाद अधिकारीलाई आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्ताव पारित गरियो।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३।- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश (कर सहित) नेपाल सरकारको स्वीकृति लिएर वितरण गर्ने प्रस्ताव पारित गरियो।

**(ख) विशेष प्रस्ताव**

१) कम्पनीको नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गरियो।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. ३७४,४१४।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने प्रस्ताव पारित गरियो।

बाह्रौं वार्षिक साधारण सभाको माइन्युटको पूर्ण विवरण कम्पनीको वेबसाइट www.hidcl.org.np मा पछि प्रकाशित गरिनेछ।

भवदीय,

जीवन कुमार बस्नेत
कम्पनी सचिव